# कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जामुनबारी,झापा
१नं. प्रदेश, नेपाल

मितिः २०७८।०२।१६

सूचना सूचना सूचना

हाल नेपालमा फैलिएको COVID-19 को दोस्रो भेरियन्टको प्रकोपका कारण मुलुकका विभिन्न भागमा निषेधाज्ञा लागू भएको छ । सोबाट सृर्जित परिस्थितिका कारण यस नगरपालिकामा समेत समाजका अन्य पक्षका साथै विद्यालयहरू बन्द रहेका छन् ।COVID-19 को दोस्रो लहर सुरु हुनु पूर्व विद्यालयहरूमा पठनपाठनका केही क्रियाकलाप भएको भएतापनि कतिपय विद्यालयहरूमा वार्षिक परीक्षा सम्पन्न हुन नसकेको अवस्था छ ।विद्यालय बन्द रहेको वर्तमान अवस्थामा अथवा यही जेष्ठ महिनाको मसान्तबाट चालू शैक्षिक सत्रको अन्त भई असारदखि नयाँ सत्र सुरु हुँदैछ । यस परिवेशमा विद्यार्थी उपलब्धिको लेखाजोखा गरी उनीहरूको कक्षा उन्नतिको निर्णय गर्न वैकल्पिक मूल्याङ्कन अवलम्बन गर्नु पर्ने भएको हुँदा नगरका सामुदायिक तथा सँस्थागत विद्यालयहरूले तपसिल बमोजिम गर्ने गराउने व्यवस्था हुनअनुरोध छ।

तपसिल

१. पूर्व प्राथमिक कक्षा तथा कक्षा १ देखि कक्षा ३ सम्म विद्यालय सञ्चालन भएको समयमा गरिएको निरन्तर मूल्याङ्कनका आधारमा कक्षा उत्तीर्ण गर्ने व्यवस्था गर्ने ।
२. कक्षा ४ र ५ मा पाठ्यक्रमले तोके बमोजिम ५० प्रतिशत निरन्तर मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षाबाट गर्ने, आवधिक परीक्षाका लागि यस अघि भएका परीक्षाको प्राप्ताङ्क जोडी प्रतिशत कायम गर्नु पर्नेछ ।
३. कक्षा ५ को नतिजाको प्रमाणीकरण विगत वर्षहरूमा जस्तै नगरपालिकाबाट हुने भएको हुँदा नगरपालिकाबाट प्राप्त हुने तोकिएको ढाँचाको एक्सेल सीटमा प्राप्ताङ्क चढाई इमेल मार्फत नगरपालिकामा मिति २०७८।०२।२५ सम्ममा पठाइ सक्नु पर्नेछ ।
४. कक्षा ८ को नगरपालिका स्तरीय परीक्षाको हकमा ७५ प्रतिशतसैद्धान्तिक र २५ प्रतिशत प्रयोगात्मकअंकबाट मूल्याङ्कन हुने व्यवस्था भएको हुँदा विद्यालयबाट यस पूर्व लिइएका परीक्षाहरूको प्राप्ताङ्क जोडी सैद्धान्तिक तर्फको ७५ प्रतिशत अंक दिने तथा प्रयोगात्मक परीक्षाको हकमा विद्यालयमा कक्षा हुँदाका बखत गरिएको प्रयोगात्मक कार्य, परियोजना कार्य आदि मूल्याङ्कन गरी अंक प्रदान गर्ने ।
५. कक्षा ८ को परीक्षा IEMIS बाट हुने भएकोले सबै विद्यालयहरूले आफ्नो IEMIS लगइन गरी CLASS 8 EXAMINATION TEMPLATEमा प्राप्ताङ्क अपलोड गर्ने कार्य मिति २०७८।०२।२५

पितम्बर गौतम
प्रमुख (उप-सचिव)
शिक्षा, युवा तथा खेलकुद शाखा

# कनकाई नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
जामुनबारी,झापा
१नं. प्रदेश, नेपाल

सम्ममा अनिवार्य रूपमा सम्पन्न गरिसक्नु पर्नेछ । विद्यार्थीको नतिजा अपलोड गर्दा उनीहरूको नाम, जन्म मिति लगायतका विवरण पटक पटक रुजू गरी त्रुटि रहित ढंगले गर्नु पर्नेछ ।

६. अन्य बाँकी कक्षा ६,७ र ९ को मूल्याङ्कन पाठ्यक्रमले तोकेको ढाँचामा यस पूर्व भएका परीक्षाका प्राप्ताङ्कलाई आधार मानी गर्नु पर्नेछ ।

७. मूल्याङ्कनको काम सम्पन्न गरी विद्यालयबाट प्रकाशन हुने नतिजा मिति २०७८।०२।३० सम्ममा प्रकाशन गरी सक्नु पर्नेछ । मूल्याङ्कन नतिजा सार्वजनिक गर्दा सूचना टाँस लगायत भौतिक उपस्थिति हुने विधिबाट गर्न पाइने छैन । सेल फोन, इमेल वा अन्य डिजिटल माध्यम प्रयोग गरी नतिजा प्रकाशन गर्नु पर्नेछ ।स्थान्तरण भई अर्को विद्यालयमा भर्ना हुन वा गर्न विद्यालयले उपलब्ध गराउने पूर्ण नतिजाका आधारमा मात्र सकिनेछ ।

८. उपरोक्त बमोजिमका मूल्याङ्कन तयारी तथा प्रकाशनको कार्य गर्दा नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धि मापदण्डको पूर्ण पालना गरेको हुनु पर्नेछ ।

पिताम्बर गौतम
प्रमुख (उप-सचिव)
शिक्षा, युवा तथा खेलकुद शाखा

द्रस्टव्यः मूल्याङ्कन कार्यसँग सम्वन्धितथप जानकारी आवश्यक भएमा शिक्षा शाखामा सम्पर्क गर्न सकिनेछ ।